# पहिलो अध्याय

## शोध परिचय

### १.१ शोध प्रस्तावना

साहित्यको एउटा प्रमुख विधाका रूपमा समाजलाई आफ्नो पृष्ठभूमि बनाएर नाटक विधा अघि बढेको भेटिन्छ। नाटक विधामा मानव समाजका विविध पृष्ठभूमिहरू अभिव्यक्त भएका हुन्छन्। नाटक विधा साहित्यका अन्य विधाका तुलनामा अलि पछि प्रार्दुभाव भएको मानिन्छ। भारतीय नेपाली साहित्यका सन्दर्भमा नेपाली नाटकको प्रारम्भ सन् १९०९ देखि दार्जिलिङबाट भएको थाहा लाग्छ। त्यसपछि शनैशनै यसको विकास भएको हो। तत्कालीन सामाजिक परिस्थिति र राजनैतिक पृष्ठभूमिलाई भारतीय नेपाली नाटक लेखनको आधार अनि प्रेरकका रूपमा लिएको मान्न सकिन्छ। दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको अभ्युदय त्यहाँका ऐतिहासिक प्रसङ्गहरूमाथि दृष्टिपात गर्दा अझ स्पष्ट हुँदै आउँछ। 'सन् १८४० पछि दार्जिलिङ वरिपरि चिया रोपियो'[1] त्यस बेलादेखि नै दार्जिलिङको सामाजिक जनजीवनको बाँच्ने आधार चियाबारी र खेतीपाती थियो। व्यावसायिक रूपमा डा. क्याम्पबेलले चियाको खेती आरम्भ गरेपश्चात दार्जिलिङका जनजीवन चियाबारीसँग सम्बन्धित रहँदै विकासोन्मुख भएको पाइन्छ। यस प्रक्रियामा आफ्नो हक, हित र न्याय आदिका पक्षमा जातीय चेतना र चिनारीका कुरा सन्दर्भमा कतिपय आवाजहरू सङ्गठित भएर उठ्न थालेका देखिन्छन्। एक प्रकारले 'दार्जिलिङका नेपालीहरूमा उन्नाइसौँ शताब्दीका आरम्भतिरै जातीय चेतना जन्मिसकेको' पुष्टि हुँदछ।[2] यिनै कुरालाई आधार बनाएर हेर्दा सन् १९०९ देखि भारतीय स्वाधीनता कालसम्म त्यस बेलाका विभिन्न सचेत नेतृत्वहरूको प्रयासमा विभिन्न सामाजिक र राजनैतिक संस्थाहरू तत्परतामा आएको देखिन्छ। यिनै संस्थाहरूले केही सङ्गठित र सामूहिक आवाज उठाउने प्रयास गरेको देखिन्छ। त्यस बेलाको ब्रिटिस भारत सरकार र पछि स्वाधीन भारत सरकारसमक्ष आफ्नो जातीय, सामाजिक तथा राजनैतिक हक र हितका सुरक्षा र संरक्षणका लागि समय

---

[1] एल.एस.एस.ओ'मेल्ले, सन् १९९९ (पुनःमुद्रित), **बेंगल डिस्ट्रिक ग्याजीटियर्स**, कलकता, लोगोस् प्रेस, पृष्ठ-४१, ७२

[2] बन्दना राई, सन् २००९, गोर्खाज, **द वारियर रेस**, न्यू दिल्ली, कल्पज पब्लिकेसन, पृष्ठ २६२

समयमा ज्ञापन-पत्र र प्रस्तावहरू पेस गरेका महत्त्वपूर्ण सूचनाहरू थाहा पाउन सकिन्छ। उन्नाइसौँ शताब्दीको प्रारम्भिक दशकदेखि सन् १९५० दशकको मध्यसम्म देखिएका ती ज्ञापनहरूका निष्कर्ष नै सामाजिक र राजनैतिक सुरक्षा र संरक्षणका पक्षमा भारतीय गोर्खाहरूका निम्ति छुट्टै प्रदेश अनि बङ्गालदेखि मुक्ति प्रमुख थियो। भारतभरि नै स्वाधीन भारतको सपना देख्नमा देशवासी एकाग्र थिए भने यता दार्जिलिङमा उन्नाइसौँ शताब्दीको थालनीदेखि नै सामाजिक र शैक्षिक चेतना सँगसँगै राजनैतिक चेतना पनि ऊर्ध्व गतिमा थियो। त्यसरी नै सन् १९३४ देखि नेपाली साहित्यमा आधुनिक काल आरम्भ भएको समयावधिमा दार्जिलिङको समाज-राजनैतिक परिदृश्य एउटा अभूतपूर्व स्थितिबिच अघि बढिरहेका तथ्यहरू सामु आउँदछन्। आर्थिक रूपले दुर्बल, सामाजिक एवम् राजनैतिक रूपले अपरिपक्व अनि शैक्षिक रूपले कमजोर तत्कालीन दार्जिलिङको समाज अपेक्षित अवसर र सुरक्षा खोज्दै सबल र सक्रिय बन्ने प्रयासमा देखिन्छ। स्वतन्त्र भारतमा दार्जिलिङको अवस्थिति र स्थान के कस्तो हुनेछ? नयाँ भारतमा दार्जिलिङले आफ्नो परिचय कुन ढङ्गमा स्थापित गर्नुपर्ने हो? जस्ता प्रश्नहरूमाझ तत्कालीन दार्जिलिङको समाज-राजनैतिक स्थिति जेलिएको देखिन्छ। यसरी नै दार्जिलिङमा विभिन्न समयमा सामाजिक एवम् राजनैतिक सङ्गठनहरू एकपछि अर्को गर्दै स्थापना हुने क्रमले उक्त समयका जनताको मनोस्थितिलाई प्रस्तुत गर्दछ। मुख्य रूपले भारतको स्वतन्त्रताअघि नेपाली नाटकका क्षेत्रमा मञ्चन हुने क्रम केही धेरै र लेखनको क्रम त्यसभन्दा केही थोर अनि प्रकाशन हुने क्रम भने निकै नै थोर थियो। नेपाली नाटकहरूले दार्जिलिङका नेपाली जनजीवनमा समाज-राजनैतिक चेतनालाई क्रमशः प्रकट गर्दै आएको अनुभव हुन्छ। स्वतन्त्रतापूर्व भारतमा विदेशी शासनको प्रत्यक्ष दमन अनि स्वातन्त्र्योत्तर कालमा स्वदेशी बहुसङ्ख्यक जातगोष्ठीहरूका जातीय शोषण, उत्पीडन र यातना झेल्नु परिरहेको दार्जिलिङका समाजको वर्णन र चित्रणलाई साहित्यिक अभिव्यक्ति दिने विधामध्ये नाटक विधा नै सबभन्दा प्रबल रूपमा अघि आएको देख्न पाइन्छ। आजसम्मका उपलब्ध ती लिखित र मञ्चित तथा अप्रकाशित र प्रकाशित नेपाली नाटकहरूले समाज-राजनैतिक चेतनाको विकासमा सहयोग पुऱ्याउँदै आएको अनुभव हुन्छ। ती नाटकहरूमा पाइने स्वरमध्ये एक प्रकारले समाज-राजनैतिक चेतनारूपी प्रवृत्ति भने मूल स्वरका रूपमा नै देखिन्छ। अत: स्वातन्त्र्योत्तर आधुनिक दार्जिलिङका प्रमुख एवम् प्रतिनिधि नाटकहरूमाथि केन्द्रित रही तिनमा प्राप्य समाज-राजनैतिक चेतनाको खोज-अनुसन्धान गरी एउटा शोध प्रबन्ध तयार पार्ने परिकल्पना एवम् युक्ति यहाँ लिइएको छ।

## १.२ शोधको शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको अध्ययन** रहेको छ ।

## १.३ शोधको समस्याकथन

मुख्य रूपले स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको अभिव्यक्ति के-कति र कसरी अनि कुन रूपमा भएको छ? त्यसका पृष्ठभूमिमा के कस्ता कारण र स्थिति रहेका छन्? समाज-राजनैतिक चेतनाको विकास हुनमा ती नाटकहरूले के कस्ता भूमिका पालन गरेका छन्? भन्ने विषयमा आजसम्म कुनै ठोस अध्ययन एवम् अनुसन्धान प्रायशः भएको देखिन्न। यसर्थ, यस शोध प्रबन्धमा तिनै समस्याहरूबारे अध्ययन र अनुसन्धान गरी तिनका निक्यौंल पत्तो लगाउने उद्देश्य राखिएको छ। ती कुराहरूको निष्कर्ष खोज्ने प्रयास निम्नलिखित बुँदाहरूबाट गरिएको छ।

- स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकका अभिव्यक्तिमा के कस्ता प्रवृत्ति एवम् स्वरूप पाइन्छन्?
- दार्जिलिङका नेपाली नाटकमा नेपाली समाज-राजनैतिक जनजीवन कसरी चित्रित छ?
- दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक अध्ययनले के-कस्तो महत्त्व राखेको छ?
- भारतीय नेपाली नाट्य परम्परामा स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकले के-कस्तो प्रस्तुति दिएको छ एवम् समाज-राजनैतिक जनजीवनको मूल्यबोध कसरी प्रकट गरेको छ?
- दार्जिलिङका नाटकहरूमा समाज-राजनैतिक अभिव्यक्तिअन्तर्गत आर्थिक, शैक्षिक र भाषिक जस्ता विषयहरू कुन प्रकारले प्रस्तुत भएको छ अनि त्यसको अध्ययन कसरी गर्न सकिन्छ?
- समष्टिमा, अध्ययनअन्तर्गत दार्जिलिङको नेपाली नाटकका मूल विचारलाई समाज-राजनैतिक चेतनाभित्र राखेर कसरी हेर्न सकिन्छ? इत्यादि।

## १.४ शोध प्रबन्धको उद्देश्य

यस शोध प्रबन्धमा निम्नलिखित उद्देश्यलाई अनुशीलन गरिनेछ:

- समाज, राजनीति र साहित्यको पारस्परिक सम्बन्धलाई खुलस्त पार्नु;
- स्वातन्त्र्योत्तर भारतमा दार्जिलिङका नेपाली नाटकको प्रवृत्ति र स्वरूपलाई स्पष्ट पार्नु;
- दार्जिलिङका नेपाली नाटकभित्र समाज-राजनैतिक चेतनाको अध्ययन प्रस्तुत गरिँदा मञ्चित तथा प्रकाशित-अप्रकाशित एवम् उपलब्ध नाटकहरूमा वर्णित ऐतिहासिक घटनाहरूका विवरण र तत्कालीन ऐतिहासिक घटनाहरूका विवरणलाई समग्र रूपमा प्राथमिकता दिएर अध्ययन गर्नु;
- दार्जिलिङका प्रकाशित नाटकहरूका सर्वेक्षण गरी तीमध्येबाट समाज-राजनैतिक चेतना पाउन सकिने प्रतिनिधि नाटकहरूलाई चिन्हित गर्दै अध्ययन गर्नु;
- दार्जिलिङको नेपालीभाषी समुदाय, यहाँको समाज, राजनीति र साहित्यको पारस्परिक सम्बन्धको अध्ययन गर्नु अनि नाटकहरूमा प्रतिविम्बित समाज-राजनैतिक चेतनाका तत्त्वहरूलाई सूक्ष्म अनुशीलन एवम् विश्लेषण गर्दै निष्कर्ष दिनु;
- शोध प्रबन्धको प्रमुख अभीष्ट नेपाली साहित्यमा समाज-राजनैतिक छवि रहेका दार्जिलिङको नेपाली नाटकको अध्ययन रहेको छ भने सोही शोध प्रबन्धको मूल्याङ्कनस्वरूप उत्तर बङ्ग विश्वविद्यालयबाट नेपाली साहित्यमा विद्यावारिधि उपाधि (पीएच डी) प्राप्त गर्ने उद्देश्य पनि रहेको छ।

## १.५ पूर्व कार्यको समीक्षा

अहिलेसम्मको सर्वेक्षणअनुसार केही पुस्तक, लेख तथा सामान्य रचना आदि नै दार्जिलिङका नाटक सम्बन्धी चर्चा-परिचर्चा गर्ने आधारका रूपमा पाइन्छन्। दार्जिलिङका सामाजिक, राजनैतिक, अर्थनैतिक, शैक्षिक र ऐतिहासिक जस्ता पृष्ठभूमिमाथि लेखिएका केही पुस्तक एवम् लेख-रचनाहरू भेटिन्छन्। यता दार्जिलिङका प्रकाशित नेपाली नाटकमा समाज तथा राजनैतिक चेतना सम्बन्धी केही प्रस्तुतिहरू पनि पाइन्छन्। **स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको**

**अध्ययन** शीर्षक शोध प्रबन्धमा दार्जिलिङ सम्बन्धी स्वतन्त्रतापूर्व रहेको भौगोलिक, राजनैतिक र ऐतिहासिक तथ्यहरूका अध्ययन आवश्यक रहेका हुनाले दार्जिलिङका सामाजिक, सांस्कृतिक, राजनैतिक, धार्मिक, आर्थिक र शैक्षिक जस्ता विषयहरूमा आधारित पुस्तक तथा लेख रचनाहरू प्रमुख सहयोगी बनेका छन्। आवश्यक परेका खण्डमा दार्जिलिङका राजनैतिक दस्तावेजहरूको पनि सहयोग लिइएको छ। यसै क्रममा स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकमाथि लेखिएका पुस्तक र रचना आदिका अतिरिक्त यहाँका सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक जस्ता पक्षहरूलाई समेटेर लेखिएका पुस्तकहरूको पनि पूर्व कार्यको समीक्षाअन्तर्गत उल्लेख गरिएको छ।

सन् १९०९ मा **गोर्खा नेशनल थिएट्रिकल पार्टी**को तत्त्वावधानमा **नृपनारायण हिन्दु पब्लिक हल** (एन.एन.एच.पी. हल) मा धनबीर मुखियाको सत्प्रयासमा पहलमानसिंह स्वाँरको नाटक **अटलबहादुर** प्रदर्शित भएपछि दार्जिलिङको नाट्य परम्पराको थालनी भएको पाइन्छ। सन् १९०९ देखि यता सन् १९४७ (स्वतन्त्रता काल) सम्म अनि त्यसपछि स्वातन्त्र्योत्तर दार्जिलिङमा जति नाटकहरू प्रदर्शित अनि प्रकाशित भए त्यसको पूर्ण अध्ययन, विश्लेषण अनि मूल्याङ्कन भएको तथ्य प्राप्त र सन्तोषजनक रूपमा पाइन्न।

पारसमणि प्रधानद्वारा लिखित सन् १९२५ मा प्रकाशित **बुद्धचरित्र** नाटकको प्रस्तावनाअन्तर्गत नाटक सम्बन्धमा सूर्यविक्रम ज्ञवालीले लेखेका टिप्पणीभित्र प्रस्तुत नाटकका बारेमा परिचयात्मक टिप्पणी लेखिएको पाइन्छ। यसभित्र बुद्धका जीवन, चरित्र, शिक्षा र उपदेश आदिबारे चर्चा गरिएको पाइन्छ।[3]

सन् १९५५ मा प्रकाशित तुलसीबहादुर छेत्रीको **विजय** नाटकको भूमिकामा सूर्यविक्रम ज्ञवालीले नाटकबारे छोटो चर्चा गर्दै यस नाटकलाई *नाटक रूपक* भनेर लेखेका छन्।[4] समाज सुधार अनि गाउँको उन्नतिमा देशको सुधार र उन्नति हुने भन्दै नाटकमा ज्ञानले बललाई निर्मूल पार्न आँटेको कुरा उल्लेख गरेको पाइन्छ।

मनबहादुर मुखियाद्वारा लिखित **अँध्यारोमा बाँच्नेहरू** नाटकको भूमिकामा कुमार प्रधानले यस नाटकसङ्ग्रहभित्रका सबै एकाङ्कीहरूबारे सङ्क्षेपमा चर्चा गरेको पाइन्छ।[5]

---

[3] पारसमणि प्रधान, सन् १९२५, **बुद्धचरित्र**, दार्जिलिङ, पी.एम.प्रधान एण्ड सन्स्, पृष्ठ ४

[4] तुलसीबहादुर छेत्री, सन् १९५५, **विजय**, दार्जिलिङ, श्रीमती लक्ष्मीदेवी छेत्री, पृष्ठ ३

[5] मनबहादुर मुखिया, सन् १९७२, **अँध्यारोमा बाँच्नेहरू**, दार्जिलिङ, श्रीराज प्रकाशन, पृष्ठ ३-४

जगत् छेत्रीको **नाटक औ नेपाली साहित्यमा यसको प्रगतिको संक्षिप्त इतिहास** भित्र समीक्षात्मक लेख पाइन्छ।[6] यस लेखभित्र नाटकको उत्पत्ति अनि यसका गुण र उद्देश्यहरूबारे चर्चा गर्दै दार्जिलिङका नेपाली नाटकका विकासबारे छोटो चर्चा गरिएको छ।

तुलसीबहादुर छेत्रीको सम्पादनमा प्रकाशित **दियालो** (वर्ष १२, हाँगो ६१) पत्रिकामा आर. पी. लामाको लेख **अनि देउराली रुन्छ** छापिएको छ। यसभित्र लेखकले जातिवादको भावना अनि समाजभित्र व्याप्त कुप्रथाको भत्सर्ना गरिएको छ। समाजका कुसंस्कारलाई मञ्चमा जस्ताको तस्तै प्रस्तुत गर्नसकेकामा लेखकले खुशी व्यक्त गरेका छन्।

सन् १९७३ मा **दियो** पत्रिकामा रामलाल अधिकारीको एउटा लेख **दार्जिलिङमा नेपाली नाटक साहित्यको विकास** छापिएको पाइन्छ।[7] लेखकले यस लेखभित्र नाटक मञ्चन अनि प्रकाशनबारे चर्चा गर्दै दार्जिलिङका मञ्चित अनि प्रकाशित नाटकहरूबारे चर्चा गरेका छन्।

दार्जिलिङबाट प्रकाशित नाटकहरूबारे लेखिएका भूमिकामध्ये नाटककार नन्द हाङ्खिमको नाटक **मृत्यु दिवस** (सन् १९७६) को भूमिकामा इन्द्रबहादुर राईले 'जोगाड नयाँ वासको' शीर्षकमा समाज-राजनैतिक चेतनाको प्रसङ्गलाई अत्यन्तै गहकिलो रूपमा चर्चा गरेको भेटिन्छ।

कुमार प्रधानको **पहिलो पहर** (सन् १९८२) मा 'दार्जिलिङका केही पुराना नाटकहरू र बुद्ध-चरित्र नाटक' शीर्षकमा दार्जिलिङको नाट्य परम्परा र सामाजिक सन्दर्भबारे एउटा गहन अध्ययन पाइन्छ। उनको नेपाली साहित्य सम्बन्धी **ए सर्ट हिस्ट्री अफ् नेपाली लिटरेचर्** (सन् १९८४) भित्र नेपाली साहित्यको इतिहासलाई चिनाउने क्रममा भारतीय नेपाली समाजको प्रसङ्गसँगै दार्जिलिङका विविध साहित्यिक विधाको पनि चर्चाअन्तर्गत दार्जिलिङका नेपाली नाटकबारे सामान्य उल्लेख गरेको पाइन्छ।

दार्जिलिङमा नेपाली नाटकका गतिविधिबारे लेखिएको सबैभन्दा महत्त्वपूर्ण र आधिकारिक मान्नसकिने पुस्तक इन्द्रबहादुर राईद्वारा लिखित **दार्जिलिङमा नाटकको अर्धशताब्दी** (सन् १९८४) हो। यस पुस्तकमा स्वतन्त्रतापूर्व दार्जिलिङका नेपाली नाटकहरूको मञ्चन परम्परा, नाट्यकर्मी, नाटककारहरूका परिचय सँगसँगै तत्कालीन समाजमा रहेको चेतना र परिवेशको चर्चा पनि गरिएको पाइन्छ।

[6] मनबहादुर मुखिया, (सम्पा), सन् १९७२, **सेमिनार,** दार्जिलिङ, गोर्खा दु:ख निवारक सम्मेलन, पृष्ठ १३

[7] एल.बी. राई,(सम्पा), **दियो**, वर्ष १९, अङ्क ८/९, सन् १९७३, नोभेम्बर, दार्जिलिङ, हिमालोक प्रकाशन

**नेपाली अकादमी पत्रिका** (सन् १९८५) मा सङ्ग्रहित लक्ष्मण श्रीमलको लेख *दार्जिलिङका केही नाटकहरू, एक संक्षिप्त विवेचना* लेखमा दार्जिलिङका नाटकहरूबारे सामान्य लेखाजोखा पाइन्छ।

असीत राईको **भारतीय नेपाली साहित्यको इतिहास** (सन् १९८६) मा भारतीय नेपाली नाटकको विधागत चर्चा गर्दाँ दार्जिलिङका नेपाली नाटकबारे पनि सामान्य चर्चा गरेको पाइन्छ।

**माध्यम** सामयिक सङ्कलन (सन् १९८८) मा सङ्कलित लक्ष्मण श्रीमलको *भारतीय नेपाली नाटककारहरू : एक विचरण* अनि यसै सङ्कलनमा जस योञ्जन 'प्यासी' को *गोर्खा लाइब्रेरी हिरक यात्रामा* लेखहरूमा भारतीय नेपाली नाट्य परम्पराको चर्चाअन्तर्गत दार्जिलिङका नाट्य गतिविधिहरूलाई पनि असल ढङ्गमा प्रस्तुत गरेको पाइन्छ।

यसरी नै नेपालको राजनैतिक एकीकरणको प्रक्रिया र परिणतिबारे तथ्यपरक लेखहरूको सङ्ग्रह **द गोर्खा कन्कुवेस्टस्** (सन् १९९१) मा सिङ्गो नेपाली जाति, राजनैतिक इतिहास, सिमाना, स्थान, जनसङ्ख्या र समाज आदि विषयहरूमा कुमार प्रधानले विस्तृत जानकारी गराएका छन् जसमा नेपालबाहिरका नेपाली समाजका साहित्य र संस्कृतिबारे केही चर्चा गरिएको छ।

डिक बी देवानको **एडुकेसन् इन् द दार्जिलिङ हिल्स** (सन् १९९१) मा सन् १८३५ देखि १९८५ सम्मको शैक्षिक गतिविधिसँगै तत्कालीन दार्जिलिङको समाजका बारेमा यथेष्ट जानकारी दिने प्रयास गरिएको पाइन्छ। दार्जिलिङको तत्कालीन समाजमा ईशाई मिसिनेरीहरूको आगमन र प्रयासले शिक्षामा देखिएको प्रगतिबारे विवेचना यसमा पाइन्छ। यस विवेचनाभित्र नेपाली भाषा पठन-पाठनबारे पनि चर्चा गरिएको छ।

नेपाली साहित्यको इतिहास सम्बन्धी पुस्तकमध्ये घनश्याम नेपालको **नेपाली साहित्यको परिचयात्मक इतिहास** (सन् १९९१) मा विविध कालखण्डअन्तर्गत नेपाली नाटकबारे चर्चा गरिएको पाइन्छ।

दार्जिलिङको राजनैतिक इतिहासबारे पी.पी. शर्माको **अस्तित्वको खोजीमा** (सन् १९९७) एउटा महत्त्वपूर्ण पुस्तकका रूपमा पाइन्छ। यस पुस्तकमा सन् १६०० मा इष्ट इण्डिया कम्पनीको भारत

आगमनदेखि सन् १९९३ सम्मको विवरण प्रस्तुत गर्ने क्रममा दार्जिलिङको राजनैतिक इतिहास र सामाजिक घटनाबारे पनि गहिरो अध्ययन गरिएको पाइन्छ।

दार्जिलिङको सन्दर्भमा एल.एस.एस. ओ'मालेको **बेङ्गल डिस्ट्रिक गेजेटियर्स् दार्जिलिङ** (सन् १९९९) मा जम्मा १६ वटा भिन्न भिन्न अध्यायमा तत्कालीन दार्जिलिङका समाजको सर्वेक्षण र इतिहास आदिको आधिकारीक तथ्यबारे चर्चा गर्दै जानकारी प्रस्तुत गरिएको पाइन्छ।

आर.बी. राईको **हाम्रो बासभूमिमा : चियाबारी मजदूर आन्दोलनको पहिलो चरण फेरि नयाँ चरण** (सन् २०००) पुस्तकभित्र दार्जिलिङको इतिहासमा सङ्गठित मजदूर आन्दोलनको थालनी अनि हक र हितका निम्ति गरिएका वा भएका राजनैतिक घटनाहरूको उल्लेख पाइन्छ।

कालेबुङबाट प्रकाशित अरूणप्रकाश राईको **नाटकको सन्दर्भमा सडक नाटक** (सन् २०००) पुस्तकलाई कालेबुङको नाट्य-परम्परा दर्शाउने एउटा महत्त्वपूर्ण पुस्तकका रूपमा लिन सकिन्छ। यस पुस्तकमा दार्जिलिङका नाटकहरूबारे केही चर्चा गरिनुका साथै सडक नाटकबारे विशेष रूपमा चर्चा गरिएको पाइन्छ।

मोहन पी. दाहालद्वारा लिखित **आधुनिक नेपाली उपन्यास** (सन् २००१) मा भारतीय नेपाली साहित्यको चर्चा गर्दै दार्जिलिङको समाज-राजनैतिक सन्दर्भहरूको प्रासङ्गिक चर्चा गरिएको पाइन्छ।

इन्द्रबहादुर राईको **पहेंलो दिन** (सन् २००२) नाटकको पुस्तकभित्रको छोटो भूमिका पनि विशेष रहेको छ, यसमा नाटकबारे चर्चा गरिएको छ।

लेखकद्वय सञ्जय विश्वास अनि समीर रोकाको पुस्तक **दार्जिलिङ ट्रूथ एन्ड बियोन्ड** (सन् २००७) मा दार्जिलिङको समाज र राजनीति विषयका पुराना तथ्यहरूलाई विश्लेषणात्मक रूपमा चर्चा गरेको देख्न पाइन्छ।

राधा शर्माद्वारा सम्पादित **नेपाली भाषा साहित्यको समृद्धिमा दार्जिलिङको योगदान** (सन् २००७) पुस्तकभित्र सङ्कलित कबीर बस्नेतको लेख 'नेपाली नाट्य साहित्यको समृद्धिमा दार्जिलिङको योगदान' र किरण ठकुरीको लेख 'दार्जिलिङमा मञ्चित नेपाली नाटकहरू' ले पनि दार्जिलिङका नेपाली नाटक र नाटककारहरूका विषयमा जानकारी गराएको पाइन्छ।

बसन्त बी. लामाको **द स्टोरी अफ् दार्जिलिङ** (सन् २००८) पुस्तकमा  सन् १७५७ देखि यता १९०७ सम्मका साल, घटना र ऐतिहासिक विवरण आदिलाई तथ्यगत रूपमा प्रस्तुत गरिएको छ। उक्त पुस्तकले विभिन्न समय र परिस्थितिमा देखिएका दार्जिलिङका सामाजिक र राजनैतिक घटनाहरूबारे जानकारी दिएको पाइन्छ। यसभित्र समाज-राजनैतिक स्थितिको विवेचना गर्दै छुट्टै राज्यको मागमा भएको आन्दोलनको उल्लेख पनि पाइन्छ।

त्यसरी नै डी. एस. बम्जनको **दार्जिलिङ-डुवर्स पिपल् एन्ड प्लेस अन्डर बेङ्गल्स निओ कोलोनियल् रुल्** (सन् २००८) पुस्तकमा दार्जिलिङका राजनैतिक घटनाहरूको महत्त्वपूर्ण विवरण विश्लेषणात्मक ढंगमा प्रस्तुत गरिएको पाइन्छ ।

गङ्गाप्रसाद भट्टराईको **रगतले कोरिएको इतिहास** (सन् २००९) पुस्तकमा भारत स्वतन्त्रता आन्दोलनदेखि हालसम्म भएका विविध मोडमा गोर्खा जातिले देशका निम्ति गरेको त्याग र बलिदानको वृतान्त लेखाजोखा पाइन्छ। पुस्तकको भूमिकामा दार्जिलिङको १०० वर्षभन्दा लामो समाज-राजनैतिक अवस्थाअन्तर्गत अलग राज्यको मागबारे क्रमगत विवरण पनि पाइन्छ।

दार्जिलिङमा नाटकको इतिहास सय वर्ष पुगेको उपलक्ष्यमा गो.द.नि.स.द्वारा १ नोभेम्बेर २००९ सालका दिन **भारतमा नेपाली नाटक मञ्चन शतवार्षिकी** सङ्गोष्ठीको आयोजना नाटकका सन्दर्भमा एउटा महत्त्वपूर्ण घटना मान्न सकिन्छ। यस सङ्गोष्ठीमा प्रस्तोताहरूले नाटक सम्बन्धी खोजमूलक धेरै कार्यपत्र प्रस्तुत गरेका  थिए जसलाई पछिबाट प्रकाशन पनि गरिएको छ।

यसरी नै नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय र विश्व विद्यालय अनुदान आयोगको संयुक्त तत्त्वावधानमा सन् २०१० आयोजित भारतीय नेपाली नाटक विषय राष्ट्रिय सङ्गोष्ठीमा दार्जिलिङसहित भारतका विभिन्न प्रान्तमा लेखिएका नाटकहरू बारेमा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए, जसमध्ये केही कार्यपत्रलाई पछिबाट **नेपाली अकादमी जर्नल** -मा प्रकाशन गरिएको पाइन्छ।

राजु प्रधान 'हिमांशु' को **प्रेक्षण-सर्वेक्षण** (सन् २०११) पुस्तकमा नाटक सम्बन्धि विविध लेखहरू छापिएको पाइन्छ।

बरूण रोयको **गोर्खाज् एन्ड गोर्खाल्याण्ड** (सन् २०१२) पुस्तकमा स्वतन्त्र भारतमा पटक-पटक भइरहने छुट्टै राज्य गोर्खाल्याण्डको आन्दोलन अनि गोर्खा जातिको समाज-राजनैतिक अध्ययनसँगै विस्तृत ऐतिहासिक विवरण भेटिन्छ। उनले यस पुस्तकको पहिलो अध्यायमा गोर्खा जातिको समाज एवम् मानव शास्त्रीय अध्ययन, दोस्रो अध्यायमा गोर्खाल्याण्ड क्षेत्रको जनसाङ्ख्यिकी अध्ययनबारे विवरण दिएका छन् भने तेस्रो तथा अन्तिम अध्यायमा छुट्टै राज्यको मागका क्रममा दार्जिलिङको समाज-राजनैतिक अध्ययनको विवरण प्रस्तुत गरेका छन्।

शिवकुमार राई स्मृति अकादमी, खरसाङद्वारा प्रकाशित **अन्वीक्षा** (सन् २०१५) मा कविता लामाको शिवकुमार राईका नाटक सम्बन्धी केही चर्चा रहेको पाइन्छ।

**प्रेक्षण** (सन् २०१५) सामयिक पत्रिकामा *खरसाङका नेपाली नाटकका रङ्गमञ्चीय परम्परा : एक अवलोकन* भनेर खरसाङका नाटक र नाटककारहरू सम्बन्धी योगेश खातीको लेख छापिएको देखिन्छ।

सन् २०१४ मा कृष्णराज घतानीको '**विजय मल्लका नाट्यकृतिहरूको प्रवृत्तिपरक अध्ययन'** (अप्रकाशित शोध प्रबन्ध: उत्तर बङ्ग विश्वविद्यालय)-मा नेपाली नाटकको धारावाहिक विकासका सन्दर्भमा दार्जिलिङको नेपाली नाटकहरूको प्रासङ्गिक चर्चा गरिएको पाइन्छ।

जून २०१६ सालमा साउथफिल्ड कलेज, दार्जिलिङ र विश्वविद्यालय अनुदान आयोगको प्रायोजनामा  दुई दिवसीय राष्ट्रिय सङ्गोष्ठी आयोजना गरिएपछि उक्त सङ्गोष्ठीमा प्रस्तुत कार्यपत्रहरू संकलन गरी १ जनवरी २०१७ सालमा '**पृष्ठ र मञ्च : समसामयिक परिप्रेक्ष्यमा आधुनिक नेपाली नाटक**' को पुस्तक आकार रूपमा प्रकाशित हुन्छ। यसमा दार्जिलिङको रङ्गमञ्चीय नाटक र नाटक प्रकाशनको परम्परा समावेश भएको छ, जसबाट दार्जिलिङका नाटकबारे प्रशस्तै जानकारी पाउन सकिन्छ।

रुद्रराज मास्केको **भारतीय नेपाली नाटककार र पूर्णाङ्की नाट्य कृति** (अप्रकाशित शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, सन् २००४)-भित्र दार्जिलिङका नाट्य परम्परा, प्रकाशित नाट्य कृतिहरूबारे  सर्वेक्षणात्मक अध्ययन प्रस्तुत गरिएको पाइन्छ।

यस प्रकार विभिन्न समयमा विभिन्न लेखकहरूले विभिन्न पत्रिका तथा पुस्तकका माध्यमबाट दार्जिलिङका नेपाली नाटकहरूबारे चर्चा-परिचर्चा वा समीक्षा गरेको पाइए तापनि अनुसन्धानमूलक र ठोस

कार्य गरिएको भने कतै भएको जानकारी पाइँदैन। अत: भारत स्वतन्त्रतापछिको दार्जिलिङका प्रतिनिधि नेपाली नाटकहरूमा केन्द्रित रही ती नाटकमा निहित तथा प्रतिविम्बित समाज-राजनैतिक चेतनाको अध्ययन र मूल्याङ्कन गर्नु उपयुक्त हुनसक्ने देखिएकाले यस शोध कार्य सम्पन्न गर्न सङ्कल्प लिइएको छ।

## १.६ शोधको औचित्य

साहित्यमा समाज अभिव्यक्त हुन्छ। ती अभिव्यक्तिहरूमा थरी-थरीका सन्दर्भ रहेका हुन्छन्। समाजमा सोझै व्यक्त गर्न नसकिएका कतिपय स्थिति र घटनालाई साहित्यका माध्यम व्यक्त गरिने प्रचेष्टा गरिएको हुन्छ। लेख्य र दृश्य काव्य भनेर चिनिने नाटक विधाले साँचो अर्थमा समाजका धेरै सन्दर्भहरूलाई आफ्ना विषयवस्तुभित्र समेटेर प्रस्तुत गरेको हुन्छ। त्यसरी दार्जिलिङका नेपाली नाटकले यसको लेखनकालदेखि नै सामाजिक, जातीय, आर्थिक, राजनैतिक र शैक्षिक स्थितिजस्ता सन्दर्भहरूलाई समेटेर आफ्नो वस्तुपक्ष सबल बनाएको देखिन्छ। भारतीय नेपालीका सामाजिक र राजनैतिक चिनारीबारेको चिन्ता र सङ्घर्ष आदि धेरजसो दार्जिलिङकै नाटकहरूमा प्रतिविम्बित हुँदै आएको पाइन्छ। भारतको स्वतन्त्रतापूर्व र स्वतन्त्रतापछिका समयमा दार्जिलिङमा धेरै उल्लेखनीय सामाजिक, राजनैतिक र अन्य विविध घटनाहरू भएका छन् । यी घटनाहरूबाट त्यहाँको साहित्य र अरू सृजनशील कलाहरूमा प्रभाव परेको देखिन्छ र प्रतिक्रियास्वरूप कतिपय साहित्यिक सृजनाहरू हुनगएका छन्। उन्नाइसौँ शताब्दीको आरम्भदेखि नै दार्जिलिङमा केही सङ्घ-संस्था स्थापना हुने क्रम जारी थियो। यी अवधिमा केही सङ्घ-संस्था स्थापना हुनुलाई महत्त्वपूर्ण घटना मानिन्छ।यसै क्रममा सन् १९१३ का ८ जुनमा खरसाङ गोर्खा पब्लिक लाइब्रेरी (हाल गोर्खा जन पुस्तकालय), सन् १९२५ का २५ मईमा दार्जिलिङमा नेपाली साहित्य सम्मेलन, सन् १९३२ का ३ जुनमा दार्जिलिङमा गोर्खा दु:ख निवारक सम्मेलन आदि स्थापना भए। 'भारत स्वतन्त्र हुनअघि नै भारतीय गोर्खाहरूको राजनैतिक सुरक्षा र हितका निम्ति सन् १९४३ का १५ मईमा एउटा राजनैतिक पार्टी **अखिल भारतीय गोर्खालिग** को स्थापना भयो।[8] 'उक्त राजनैतिक सङ्गठनको स्थापनाकालदेखि दार्जिलिङका नेपालीहरूमा राजनैतिक चेतना आएको' धारणा समालोचक गुमानसिंह चामलिङले प्रकट गरेका छन्।[9] यसरी दार्जिलिङमा सामाजिक, राजनैतिक र ऐतिहासिक घटनाहरू एकपछि

---

[8] इन्द्रबहादुर राई, सन् १९८४, **दार्जिलिङमा नेपाली नाटकको अर्धशताब्दी**, दार्जिलिङ, साझा पुस्तक प्रकाशन, पृष्ठ ५९, ७९

[9] गुमानसिंह चामलिङ, सन् १९७८, **मौलो,** दार्जिलिङ, श्याम प्रकाशन, पृष्ठ १७३

अर्को गर्दै विभिन्न समयमा देखा पर्दै आएका छन्। यी सङ्घ-संस्थाहरूले आफ्ना मूलकार्यअन्तर्गत सामाजिक सेवाका अतिरिक्त सांस्कृतिक उत्थानका निम्ति समय-समयमा नाटकहरू मञ्चन गर्दै आएका तथ्यहरू पाइन्छन्। यसरी पटक-पटक मञ्चन हुने नाटकहरूमा दार्जिलिङका समाज र राजनैतिक स्थितिको चित्रण पनि कुनै न कुनै रूपमा प्रकट भइनै रहेको हुन्थ्यो। यसरी गणतान्त्रिक भारतमा भइरहेकै कतिपय सामाजिक, राजनैतिक सङ्घर्ष अनि द्वन्द्वको तिता-मिठा अनुभूतिहरूले पनि दार्जिलिङका नाटककारहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा नाटक लेख्न र प्रेरित गरेको थियो भन्ने थाहा पाइन्छ। तथापि ती सन्दर्भहरूलाई समेटेर लेखिएका नाटकहरूको विस्तृत रूपमा अध्ययन र मूल्याङ्कन कतै गरिएको पाइँदैन। एकाध ससाना लेख एवम् पुस्ताकादिमा प्रासङ्गिक रूपमा रहेका चर्चाबाहेक व्यापक दृष्टि पुऱ्याई गरिएको अन्वेषणमूलक कार्य भने कतै पाइएको छैन। यसैले **स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको अध्ययन** शीर्षक विषय लिएर प्राज्ञिक शोध-प्रबन्ध तयार पारिनु यस शोधको औचित्य हो।

## १.७ शोधविधि

प्रस्तावित शोध प्रबन्धमा आवश्यक एवम् उपयुक्त शोधविधि अवलम्बन गरिएको छ। मूल रूपमा निम्न दुई प्रकारका शोधविधि ग्रहण गरिएका छन् :

- **सामग्री सङ्कलन विधि**
- **सैद्धान्तिक ढाँचा र विश्लेषण विधि**

**१.७.१ सामग्री सङ्कलन विधि** : शोध सम्बन्धी चाहिएका र आवश्यक तथ्याङ्क अनि अन्य सामग्री सङ्कलन गरँदा अवलम्बन गरिने विधिलाई सामग्री सङ्कलन विधि भनिन्छ। प्रस्तावित शोध प्रबन्धमा यस विधिअन्तर्गत पुस्ताकालयीय, क्षेत्रीय सर्वेक्षण, अन्तर्वार्ता र प्रश्नोत्तर आदि रहेका छन्। पुस्ताकालयीय विधिअन्तर्गत पुस्तक, लेख, पत्र-पत्रिका, शोधपत्र, शोधप्रबन्ध, इन्टरनेटको सहायता आदिद्वारा सामग्री सङ्कलन गरिएका छन्। आवश्यकतानुसार सम्बन्धित नाटककार, नाट्यकर्मी, शोधकर्ता आदिसँग अन्तर्वार्ता लिएर आवश्यक सूचना एवम् सामग्री सङ्कलन पनि गरिएको छ। शोध सामग्री सङ्कलन विधिअन्तर्गत **एम.एल.ए. ह्याण्डबुक सातौं संस्करण**लाई आधार रूपमा लिने चेष्टा गरिएको

छ। यसरी नै हिज्जे निर्धारणका लागि पारम्परिक र आधुनिक दुवै व्यवस्थालाई आवश्यकताअनुरूप अवलम्बन गरिएको छ, विशेषतः **नेपाली बृहत् शब्दकोश**लाई आधार बनाइएको छ। ढाँचागत लेखन-विधिका लागि भने **नेपाली लेखन शैली**लाई अङ्गाल्ने प्रचेष्टा गरिएको छ।

**१.७.२ सैद्धान्तिक ढाँचा र विश्लेषण विधि :** शोधका क्रममा प्राप्य सामग्रीहरूलाई अध्ययन, विश्लेषण गरेर अन्तिम निचोडसम्म पुग्ने विधिलाई सैद्धान्तिक ढाँचा र विश्लेषण विधि भनिन्छ। प्रस्तावित शोध प्रबन्धमा यस विधिअन्तर्गत अध्ययनको विषय चयनपछि निचोड़सम्म पुग्न आगमनात्मक प्रक्रिया अवलम्बन गरिएको छ। प्रस्तावित विषयभित्र सामाजिक, राजनैतिक, आर्थिक, शैक्षिक र ऐतिहासिक सन्दर्भहरू आएका हुनाले सम्बन्धित नाट्य-कृतिहरूका अतिरिक्त समाज-विज्ञान तथा राजनीति-विज्ञानका उपयुक्त सैद्धान्तिक पुस्तकहरूको पनि आधारका रूपमा लिइएको छ। यसरी नै साहित्य-समालोचनाका वर्णनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक, अन्तर्विषयक अध्ययन-विधि आदिलाई आत्मसात गरी शोध प्रबन्धको विषयलाई अन्तिम रूप दिइएको छ।

## १.८ शोधकार्यको सीमाङ्कन

दार्जिलिङको नाट्य इतिहास सन् १९०९देखि पहलमानसिंह स्वाँरको नाटक **अटलबहादुर**बाट प्रारम्भ भएको हो। दार्जिलिङमा नेपाली नाटक मञ्चनको परम्परा धेरै अघिदेखिको भए तापनि मौलिक नाटकको प्रकाशन भने डा. इन्द्रमान राईको नाटक **जीवनलीला** (सन् १९३१) बाट सुरू भएर आजसम्मका विभिन्न कालखण्डमा धेरै नाटक प्रकाशित पाइन्छन्। सन् १९५७ मा आएर तुलसीबहादुर छेत्रीको **जमाना बद्लियो** नाटक प्रकाशित हुन्छ। शोध प्रबन्धको औचित्य **स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको अध्ययन** भएको हुनाले शोधको सीमा स्वाधीनता (सन् १९४७) पछि लिखित अनि मञ्चित प्रतिनिधि नाटकहरूलाई मात्र यस अध्ययनभित्र समावेश गरिएको छ। अध्ययनका क्रममा स्वातन्त्र्योत्तर कालका नाटकहरू जस्तै- तुलसीबहादुर छेत्री 'अपतन' को **जमाना बद्लियो** (सन् १९५७ ), मनबहादुर मुखियाको **फेरि इतिहास दोहोरिन्छ** (सन् १९७५), पी. अर्जुनको **हाँस्दै जल्नुपर्छ** (सन् १९८२), पूर्ण गुरुङ 'निरूपम' को **बन्दकी राखिएको सिंदूर** (सन् १९८७ ), सी.के. श्रेष्ठको **हाम्रो लभ स्टोरी** (सन् १९८८), जस योञ्जन 'प्यासी' को **नयाँ सूर्यको प्रतीक्षामा** (सन् १९९२),

शरद् छेत्रीको **खुब नाच्यो कठ्पुतली** (सन् १९९३), नन्द हाङ्खिमको **युद्धहरू** (सन् १९९३), राजु प्रधान 'हिमांशु' को **प्रतिभा रोएको शहर** (सन् २०१८), किरण ठकुरीको **अमर आत्मा** (सन् २०१८) र मोहन-पुकारको **मखुन्डो** (सन् २००८) नाटकहरूलाई शोध विषयक आवश्यक ठानी एवम् चिह्नित गरेर शोध प्रबन्ध तयार पारिने निर्णय लिइएको छ। प्रस्तुत नाटकहरूलाई चिन्हित गरिँदा शोध प्रबन्धको विषय, सापेक्षता, लोकप्रियता, रङ्गमञ्चीयता अनि प्रकाशन काल, स्थिति तथा समयकालिक अवस्थालाई पनि ध्यान दिइएको छ।

## १.९ भावी शोधकर्तालाई सुझाउ

प्रस्तुत शोध प्रबन्ध तयार पारिने क्रममा पाइएका विविध अनुभूति र उपलब्धिका आधारमा भावी शोधकर्ताका निम्ति निम्न सुझाउहरू राख्ने धृष्टता गरिएको छ। यस शोध प्रबन्धको कार्य सम्पन्न गर्दा विविध प्राक्कल्पना निर्माण गरिएको थियो। शोधका अघि आउने धेरै समस्याभन्दा पनि शोधको सम्भावनालाई कसरी परिपूर्ति गरिने भन्ने मुख्य ध्येय अघि राखेर अध्ययन अनि शोधलाई निरन्तरता दिने कार्य गरियो। निर्दिष्ट एउटा विशेष विषयमा बाँधिएर कार्य गर्नुपर्ने भएकाले सबै क्षेत्र समेट्न नसकिने असुविधा पनि बोध गरियो। यसैले निम्न केही शोधका क्षेत्र अनि विषयहरू भावी शोधार्थीहरूलाई औपचारिक सुझाउका रूपमा यहाँ राख्ने धृष्टता गरिएको छ:

- दार्जिलिङका नाटकमा राजनैतिक चेतनाको विकास र दिशा।
- दार्जिलिङका नाटकहरूमा प्रयुक्त गीतहरूको अध्ययन।
- दार्जिलिङका प्रतिनिधि नाटक अनि नाटककारको अध्ययन।
- दार्जिलिङको रङ्गमञ्चीय नाटकको उपलब्धि।
- दार्जिलिङका नाटकहरूमा चित्रित चियाबारी जीवन शैलीको अध्ययन।
- दार्जिलिङका नाटकहरूमा राष्ट्रिय चेतना।

## १.१० शोध प्रबन्धको रूपरेखा

अध्ययन  र प्रस्तुतिकरणको सुविधालाई ध्यानमा राखेर प्रस्तावित शोध प्रबन्धलाई निम्नलिखित संरचनाअनुसार प्रस्तुत गरिएको छ -

**पहिलो अध्याय:** शोधको सैद्धान्तिक परिचय

**दोस्रो अध्याय:** समाज, राजनीति र साहित्यको पारस्परिक सम्बन्धको विवेचना

**तेस्रो अध्याय:** भारतीय नेपाली नाट्य साहित्यको सर्वेक्षण

**चौथो अध्याय:** स्वातन्त्र्योत्तर दार्जिलिङका प्रमुख नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको विश्लेषण

**पाँचौँ अध्याय:** समाज-राजनैतिक चेतना प्रयोगका दृष्टिले स्वातन्त्र्योत्तर दार्जिलिङका प्रमुख नेपाली नाटक र नाटककारको मूल्याङ्कन

**छैठौँ अध्याय :** उपसंहार वा निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्री सूची: